# मर्स्याङ्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

## विधालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०८२

पारित मितिः २०८२/०४/२८

CamScanner

# विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०८२

## परिच्छेद १

## प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम "विद्यालयमा स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मर्स्याङ्दी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि मर्स्याङ्दी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले मर्स्याङ्दी गाउँपालिका शिक्षा ऐन २०७५ लाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मर्स्याङ्दी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "स्वयमसेवक शिक्षक" भन्नाले मर्स्याङ्दी गाउँपालिकाले स्वयमसेवकका लागि सूचीकृत गरेका र निश्चित समयका लागि कुनै स्वयमसेवकको रुपमा सामुदायिक विद्यालयमा अध्यापनका लागि खटाइएका शिक्षक सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले मर्स्याङ्दी गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयमा कार्यरत स्वयमसेवक शिक्षकले पाउने सुविधाको रकम सम्झनुपर्छ ।

(च) "सुत्केरी विदाको अवधी" भन्नाले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ बमोजिम महिला शिक्षक सुत्केरी हुदा निजले पाउने सुत्केरी विदाको अवधि सम्झनुपर्छ ।

(छ) "विद्यालय" भन्नाले मर्स्याङ्दी गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "शिक्षा शाखा प्रमुख" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।



CamScanner

(ट) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले मर्स्याङ्दी गाउँपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## स्वयंसेवक शिक्षकको दरखास्त आह्वान, सूचीकरण र अध्यावधिक

३. मर्स्याङ्दी गाउँपालिकाले प्रत्येक बर्ष स्वयमसेवक परिचालनका लागि सूचीकरण गर्न खुला दरखास्त आह्वान गर्नेछ र हरेक छ छ महिनामा यसलाई अध्यावधिक गर्ने छ । यसरी शुरूको दरखास्त आह्वान गर्दा न्यूनतम ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

४. दफा (३) बमोजिम दरखास्त आह्वान गर्दा आधारभूत तह कक्षा १-५ का लागि साधारण र आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१० का लागि तहगत र विषयगत रुपमा दरखास्त आह्वान गर्ने छ । सूचनामा तोकिएको समय भित्र निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता तथा तालिमकों प्रमाणपत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपि तथा अन्य अनुभव सम्बन्धी कागजातहरु संलग्न गरी शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने छन् । स्वयंसेवक शिक्षकले दिने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुने छ ।

५. दफा (४) बमोजिम दरखास्त पेश गर्ने शिक्षकहरुको योग्यता र अन्य मापदण्ड शिक्षक सेवा आयोगले तोके बमोजिम हुने छ । तर निम्न माध्यमिक र माध्यमिक तहको विज्ञान र गणित विषयमा अध्यापन अनुमति पत्र नभएका व्यक्तिले पनि दरखास्त पेश गर्न सक्ने छन् । यसरी दरखास्त पेश गर्ने स्वयंसेवक शिक्षकहरुको छनोट गर्दा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिलाई प्राथमिकताको आधारमा सिफारिस गर्ने छ । स्वयंसेवक शिक्षक सिफारिस गर्दा नेपाल सरकारको स्रोतबाट तलव भत्ता खाने स्वीकृत दरबन्दी, करार, राहत तथा सट्टा दरबन्दी र बाल विकास केन्द्रको सहयोगी कार्यकर्ताको पदमा कार्यरत महिला शिक्षकहरु सुत्केरी हुंदाका बखत मात्र सामुदायिक विद्यालयले यसप्रकारको सुविधा प्राप्त गर्ने छन् । तर बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको रुपमा स्वयंसेवक शिक्षक हुनका लागि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने तर निजलाई अध्यापन अनुमति पत्र अनिवार्य हुनेछैन ।

६. दफा (४) बमोजिम स्वयंसेवक शिक्षकका लागि प्राप्त निवेदन तथा अन्य कागजातहरु अध्ययन तथा मुल्यांकन गरी अन्तरवार्ताको माध्यमबाट छनोट गरी सूचिकृत तथा सिफारिस गर्न देहाय बमोजिमको मूल्यांकन तथा सिफारिस समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका — संयोजक

(ख) गाउँ कार्यपालिकाका सदस्यहरु मध्ये गाउँपालिका अध्यक्षले तोकेको दुईजना - सदस्य

(ग) गाउँ शिक्षा समिति सदस्यहरु मध्ये गाउँपालिका अध्यक्षले तोकेको एकजना - सदस्य

(घ) सामुदायिक विद्यालयका प्रमुखहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एकजना - सदस्य

(ङ) नेपाल शिक्षक महासंघको प्रतिनिधि एकजना - सदस्य

(च) शिक्षा शाखा प्रमुख, मर्स्याङ्दी गाउँपालिका सचिव - सदस्य

७. दफा (६) बमोजिम गठित समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् :-

क) स्वयमसेवक शिक्षक सूचीकरणका लागि दरखास्त आह्वान गर्ने ।

ख) प्राप्त निवेदनको बारेमा छानविन तथा मुल्यांकन गरी सूचीकरणका लागि सिफारिस गर्ने ।

ग) सूचीकृत शिक्षकहरुको विवरण अद्यावधिक गर्न गराउने ।

घ) विद्यालयबाट महिला शिक्षक सुत्केरी विदामा बसेको अवस्थामा उक्त अवधिका लागि स्वयमसेवक शिक्षकको माग भई आएमा सूचीकृत शिक्षकहरु मध्ये प्राथमिकताका आधारमा तहगत र विषयगत रुपमा उपयुक्त शिक्षकलाई बढीमा तीन महिना (नब्बे दिन) का लागि नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

ङ) स्वीकृत दरबन्दी, करार, राहत दरबन्दीमा कार्यरत महिला शिक्षक सुत्केरी विदामा रहेको अवस्थामा बाहेक कुनै विद्यालयबाट निजी स्रोतबाट तलब भत्ता खुवाउने गरी नियुक्ति लगि स्वयमसेवक शिक्षक माग भई आएमा सूचीकृत शिक्षकहरु मध्ये सिफारिस गरी पठाउने ।

८. दफा (७) को खण्ड (घ) बमोजिम सिफारिस भई विद्यालयमा कार्यरत स्वयमसेवक शिक्षकको लागि तोकेको सुविधा बापतको रकम सम्बन्धित विद्यालयको खातामा निकासा दिने । उक्त रकम स्वयमसेवक शिक्षकको हाजिरी प्रमाणित तथा भरपाई गरी प्रधानाध्यापकले निज शिक्षकलाई उपलब्ध गराउनु पर्ने ।

## परिच्छेद ३
## स्वयमसेवक शिक्षकको पारिश्रमिक तथा अन्य सुविधा

९. मर्स्याङ्दी गाउँपालिकामा महिला शिक्षक सुत्केरी विदामा रहेको अवधिका लागि स्वयमसेवक शिक्षकको पारिश्रमिक देहाय बमोजिम हुने छ :-

क) बाल विकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताको लागि मासिक रु बाह हजार

ख) आधारभूत तह कक्षा १-५ मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु अठार हजार

ग) आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु बीस हजार

घ) माध्यमिक तह कक्षा ९-१० मा अध्यापन गर्ने शिक्षकका लागि मासिक रु पच्चीस हजार

१०. स्वयमसेवक शिक्षकहरुले दफा (९) बमोजिम प्राप्त गर्ने पारिश्रमिकको अतिरिक्त महिनामा एक दिन भैपरि आउने बिदा र एक दिन बिरामी बिदा पाउनेछन् ।

११. मर्स्याङ्दी गाउँपालिकाले खटाएको विद्यालयमा नियमित रुपमा गई तोकिएको अवधि भरी लगनशीलता र इमान्दारिताका साथ शिक्षा प्रदान गर्ने स्वयमसेवक शिक्षकलाई गाउँपालिकाले उक्त अवधिको सेवा प्रमाणित गरी प्रशंसा-पत्र समेत उपलब्ध गराउनेछ ।

## परिच्छेद ४
## विविध

१२. स्वयमसेवक शिक्षक छनोट सूचीकरण अध्यावधिक तथा सिफारिस लगायतका कार्यसम्पादनका लागि आवश्यक स्रोत स्टेशनरी, बैठक भत्ता, खाजा, खाना, उपकरण तथा यातायात खर्च गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्था गरिनेछ ।

१३. विद्यालयमा स्वयमंसेवक शिक्षक परिचालन कार्यविधि २०८२ मा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

## स्वयमसेवक शिक्षकले दिने निवेदनको ढांचा

(परिच्छेद २, दफा ४ संग सम्बन्धित)

मितिः २०........। .....। .....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मर्स्याङ्दी गाउँपालिका, लमजुङ ।

**विषयः स्वयमसेवक शिक्षकमा सूचीकृत हुन पाउँ ।**

उपयुक्त सम्बन्धमा मर्स्याङ्दी गाउँपालिकाकोमिति २०.....। .....। ..... को सूचना वमोजिम म स्वयमसेवक शिक्षकको रुपमा गाउँपालिकाले खटाएको जुनसुकै विद्यालयमा पनि शिक्षण गर्न इच्छुक र तयार भई देहायको विवरण सहित यो निवेदन पेश गरेको छु । मलाई नियमानुसार स्वयमसेवक शिक्षकको रुपमा सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछु ।

**तपशिलः**

स्वयमसेवक शिक्षक हुन चाहेका तहः ................................
विषयः ..........................................................................
शैक्षिक योग्यताः ...................................................................

संलग्न कागजातहरु

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रको प्रतिलिपि
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि
घ) सेवा अनुभव तथा अन्य कागजातहरु